# विषय-सूची


| | पेज नं. |
|---|---|
| कार्यकारी सारांश | १ |
| कृतज्ञता | २ |
| पृष्ठभूमि | ३ |
| नेपालमा गैरसरकारी संस्थाः इतिहासदेखि वर्तमान | ४ |
| नेपालमा गैरसरकारी संस्थाको वर्तमान अवस्था | ४ |
| गैरसरकारी संस्थाका कार्यक्रमहरू | ४ |
| नियमन प्रभावकारिताका लागि कस्तो नीति र संयन्त्र ? | ५ |
| कार्यक्रमको उद्देश्य | ६ |
| कार्यविधि | ६ |
| मूल सवाल | ६ |
| नीतिगत सवाल | ७ |
| कार्यसञ्चालनगत सवाल | ७ |
| नियमनसम्बन्धी सवाल | ७ |
| अनकाक र निजी क्षेत्र : माधव पौडेलको प्रस्तुति | ८ |
| नागरिक समाज संगठनमा सुशासन र पारदर्शिता प्रवर्द्धनका लागि अनकाक पैरवीको आवश्यकता : डोरेन्द्र निरौलाको प्रस्तुति | १२ |
| सहभागीको सुझाव तथा प्रतिक्रिया | १४ |
| समाजकल्याण परिषद्का कार्यसमिति सदस्य गोकर्ण भट्टको सुझाव | १८ |

| | |
|---|---|
| ललितपुरका प्रमुख जिल्ला अधिकारी महादेव पन्थको सुझाव | १८ |
| काठमाडौंका प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्माको सुझाव | १८ |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव फणीन्द्र गौतमको सुझाव | १९ |
| सहभागीको जिज्ञासामा माधव प्रसाद पौडेलको जवाफ | २० |
| वरिष्ठ अधिवक्ता तथा कानूनका प्राध्यापक गीता पाठक संग्रौलाको सुझाव | २१ |
| निष्कर्ष तथा सुझाव | २२ |
| नीतिगत सुझाव | २२ |
| कार्यसञ्चालनसम्बन्धी सुझाव | २२ |
| नियमनसम्बन्धी सुझाव | २२ |
| अनुसूची – १ | |
| कार्यक्रममा छलफल गरिएको माधव पौडेलको प्रस्तुति | २३ |
| कार्यक्रममा छलफल गरिएको डोरेन्द्र निरौलाको प्रस्तुति | ३९ |
| अनुसूची – २ | |
| सहभागीहरूको नामावली | ४९ |

# कार्यकारी सारांश

भ्रष्टाचारविरुद्धको महासन्धिको पक्षराष्ट्र भएको हैसियतले नेपालले महासन्धिको अनुपालन हुने गरी कानून निर्माण र संशोधन गर्नुपर्ने हुन्छ । त्यसैलाई ध्यानमा राख्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानून निर्माणका क्रममा सरोकारवालाहरूसँगको छलफललाई महत्त्वपूर्ण ठानेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यस कार्यलाई सघाउ पुग्ने गरी गभर्नेन्स फसिलिटी (Governance Facility) को सहयोगमा डिभेलोपमेन्ट कम्युनिकेसन सोसाइटी नेपाल (सोडेक नेपाल) र नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसिसिआर) सँगको सहकार्यमा सेन्टर फर मिडिया फ्रिडम (सिएमएफ) ले २०७४ पुष ६ गते एक कार्यशाला गोष्ठी आयोजना गरेको थियो। सरकारका नियमनकारी निकाय तथा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरू संलग्न उक्त गोष्ठीका सहभागीहरूले दिएका सुझावलाई समेटेर यो सामग्री तयार पारिएको हो । सहभागीहरुले मुख्यतया भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनसम्बन्धमा स्वतन्त्र अनुपालन इकाइ गठन गर्ने, उपभोक्ता ऐनमा प्राविधिक कुराहरू पार्ने, विद्युत लाइसेन्सिङको सवालमा फर्स्ट कम फर्स्ट सर्भिसको साटो अर्को कुनै व्यवस्था गर्ने, गैरसरकारी संस्थाको अनुगमन र निगरानी गर्दा सम्पत्ति शुद्धीकरणसँग जोडेर हेर्ने, सम्पत्ति शुद्धीकरणको मुद्दामा प्रत्यक्ष विदेशी लगानी (एफडीआई) को स्थिति प्रस्ट पार्ने, कम्पनी ऐन र बाफियामा भएका डुप्लिकेसनहरू हटाउने, भ्रष्टाचारको शून्य सहनशीलतालाई पाठ्यक्रममा समावेश गर्ने, संस्था दर्ता ऐनलाई समयसापेक्ष बनाउने, विदेशी सहायताका सम्बन्धमा कडा नीतिनियम बनाउने, आईएनजीओहरूलाई परियोजना स्वीकृति लगायतका विषयमा सरकारी प्रक्रियालाई छिटोछरितो बनाउने, आईएनजीओका कामकारवाहीको अनुगमनमा उनीहरूलाई नै पैसा तिराउने पद्धतिको अन्त्य गर्नेलगायतका सुझाव दिएका थिए ।

## कृतज्ञता

यो पुस्तिका तयार पार्नका लागि अनेकौं संस्थाहरूको योगदान रहेको छ। सेन्टर फर मिडिया फ्रिडमको निमन्त्रणालाई स्वीकार गरेर परामर्श कार्यशालामा उपस्थित भई आफ्ना अमूल्य सुझाव तथा सल्लाह दिनुहुने सबै सहभागीहरूप्रति हामी कृतज्ञ छौं।

त्यस्तै यो कार्यक्रमको अवधारणा तयार पार्ने सन्दर्भमा निरन्तर छलफलमा सहभागी भई यसको सफलताका लागि योगदान पुऱ्याउने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई धन्यवाद दिन्छौं। विशेषगरी सहसचिव श्री फणीन्द्र गौतमको योगदान अतुलनीय छ।

त्यस्तै, भ्रष्टाचार नियन्त्रणमा नागरिक संलग्नता सुदृढीकरण (स्ट्र्याक) परियोजनाको नेतृत्वदायी संस्था विकास सञ्चार समाज (सोडेक नेपाल) लाई हामीसँगको सहकार्यका लागि विशेष धन्यवाद दिन्छौं। परियोजना निर्देशक डा. पीयूष मिश्रप्रति अभिभावकत्व दिँदै सही दिशानिर्देश गर्नुभएकोमा आभार प्रकट गर्दछौं। परियोजनाको अर्को साझेदार नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्च (एनसीसीआर) प्रति पनि हामी कृतज्ञ छौं।

परियोजनालाई आर्थिक सहायता उपलब्ध गराउने गभर्नेन्स फसिलिटीलाई पनि आभार व्यक्त गर्दछौं।

पुस्तकको आवरण तथा लेआउट डिजाइन अनि मुद्रण गर्ने सिग्देल प्रेसलाई पनि मुरीमुरी धन्यवाद।

## पृष्ठभूमि

नेपाल पक्षराष्ट्र रहेको भ्रष्टाचारविरुद्धको महासन्धि (अनकाक) को अनुपालन हुने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानून र नीतिहरू तर्जुमा गरिरहेको छ। अनकाक अनुपालनसम्बन्धी नेपालको फोकल प्वाइन्ट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नै हो।

अनकाकअनुरूप कानून बनाउँदा भ्रष्टाचारविरुद्ध अनुसन्धान तथा कारवाही सिफारिश गरिरहेको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा वृद्धि हुनेछ। अहिले अख्तियारको दायरा भ्रष्टाचारको सम्भावना रहेका ४० प्रतिशत क्षेत्रमा सीमित छ र बाँकी ६० प्रतिशत क्षेत्रमा यसको पहुँच छैन। त्यस ६० प्रतिशत क्षेत्रमा बैंक तथा बीमा लगायतका वित्तीय संस्था, सहकारी अनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र पर्दछन्। अनकाक कार्यान्वयनमा आएपछि अख्तियारको दायरा फराकिलो हुनेछ र नेपालले सन्धिजनित दायित्वका रूपमा रहेको भ्रष्टाचारविरद्धको कारवाहीलाई तीव्र बनाउन मद्दत पुग्नेछ।

तर अनकाक अनुपालन गराउनका लागि विभिन्न नयाँ कानून निर्माण तथा विद्यमान कानूनको संशोधन आवश्यक हुन्छ। यसै सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसै अनुरूप कानून र नीतिहरू तर्जुमा गरिरहेको हो। कानून बनाउने क्रममा सरोकारवालाहरूसँगको व्यापक छलफल आवश्यक हुन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निजी क्षेत्रका सरोकारवालाको सकारात्मक सल्लाह तथा सुझाव आवश्यक ठानेको छ।

यसै क्रममा सुशासनको क्षेत्रमा काम गरिरहेको सेन्टर फर मिडिया फ्रिडम (सीएमएफ)ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा निजी वित्तीय क्षेत्र, सहकारी, सरकारका नियमनकारी निकायहरु र गैरसरकारी संस्थासँग अनकाकका विषयमा अन्तर्क्रिया गर्ने प्रस्ताव राखेको हो। भ्रष्टाचारविरुद्धको प्रयासमा नागरिक संलग्नता सुदृढीकरण परियोजना अन्तर्गत गभर्नेन्स फसिलिटीको सहयोगमा डिभेलोपमेन्ट कम्युनिकेसन सोसाइटी नेपाल र नेपाल सेन्टर फर कन्टेम्पोररी रिसर्चसागको सहकार्यमा सीएमएफले तीनवटा कार्यशाला गोष्ठी आयोजना गर्ने योजना रहेकोमा तेस्रो गोष्ठी २०७४ पुस ६ गते सञ्चालन गरेको थियो। सरकारका नियमनकारी निकाय र राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग गरिएको उक्त गोष्ठीका सहभागीहरूले दिएका प्रतिक्रिया, सल्लाह र सुझावलाई समेटेर यो पुस्तिका तयार पारिएको हो।

## नेपालमा गैरसरकारी संस्थाः इतिहासदेखि वर्तमान

कुनै पनि समाज निर्माणका तीनवटा बृहत्तर संरचनामध्ये गैरसरकारी संस्था पनि एक महत्त्वपूर्ण पाटोका रूपमा रहेको छ । यसले नागरिक समाजको बृहत्तर क्षेत्र समेट्छ भन्ने विश्वास गरिन्छ। बाँकी दुईवटा संरचना सरकारी र निजी क्षेत्र हुन्। गैरसरकारी संस्थाको उत्पत्ति सन् १९४५ मा संयुक्त राष्ट्रसंघको शुरूवातसँगै भएको हो। तत्पश्चात् विश्वभर लगभग एक करोड जति गैरसरकारी संस्था सञ्चालनमा आएका छन्।

गैरसरकारी संस्था भन्ने शब्द नयाँ भएतापनि जनतामा आधारित अथवा समुदायमा आधारित प्रणाली नेपालको लागि नयाँ होइन । सामाजिक कल्याण र गैरनाफा प्रणालीको इतिहास लिच्छविकालदेखि नै प्रारम्भ भएको देखिन्छ। सन् १९५० को दशकमा तुल्सीमेहरद्वारा स्थापित गान्धी चर्खा प्रचारक महागुठी, परोपकार संस्था, नेपाल रेडक्रस समाज, परिवार नियोजन संघ–नेपालले महत्त्वपूर्ण योगदान पुऱ्याइ नै रहेको छ।

सामान्यतया गैरसरकारी संस्थाले गैरनाफामूलक सरकारी निकायबाट स्वतन्त्र एउटा साझा वा समान दृष्टिकोणबाट अभिप्रेरित संस्थाको परिकल्पना गरेको हुन्छ।

### नेपालमा गैरसरकारी संस्थाको वर्तमान अवस्था

पञ्चायतकालमा सीमित संस्थामा काम गर्ने गैरसरकारी संस्थाको प्रजातन्त्र र लोकतन्त्रपश्चात् उल्लेखनीय वृद्धि भएको छ। सन् १९८० को दशकमा नेपाल सरकारले गैरसरकारी संस्थालाई विकासको लक्ष्य प्राप्तिको लागि महत्त्वपूर्ण भूमिका खेल्नसक्ने संस्थालाई मान्यता प्रदान गऱ्यो। साथै, सन् १९८५ मा आधारभूत आवश्यकता परिपूर्तिका लागि राज्यले अघि सारेका नीति तथा कार्यक्रममा महत्त्वपूर्ण भूमिका खेल्ने क्षेत्रको रूपमा गैरसरकारी संस्थालाई स्वीकारिएको पाइन्छ।

प्रजातन्त्र आएपछिको सरकारले पनि सरकारी निकाय र गैरसरकारी संस्थाको साझेदारीलाई प्रवर्धन गर्ने प्रयास गऱ्यो। विसं २०४६ सालसम्म नेपालमा करीब ३०० गैरसरकारी संस्था थिए। विसं २०७४ सालसम्म आइपुग्दा ४४ हजारभन्दा बढी गैरसरकारी संस्था र २६० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू समाज कल्याण परिषद्साग आबद्ध छन्।

### गैरसरकारी संस्थाका कार्यक्रमहरू

नेपाल सरकारले आठौं पञ्चवर्षीय योजनादेखि नै विकासमा गैरसरकारी संस्थाको भूमिकालाई नीतिगत रूपमा नै उल्लेख गर्दै आएको छ। यिनीहरूले हाल देशका ७५ वटै जिल्ला सबै स्थानीय तहमा आफ्ना कार्यक्रम सञ्चालन गरेका छन्। खासगरी आयआर्जन वृद्धि, क्षमता विकास, पैरवी र अभियान सञ्चालनमा यिनीहरूका कार्यक्रम बढिरहेका छन् । देशभर कार्यरत गैरसरकारी संस्थाले सामाजिक परिचालन, सामाजिक तथा आर्थिक सशक्तीकरण, जीविको पार्जन, मानवअधिकार, जनचेतना अभिवृद्धि, शिक्षा, कृषि, पशुपालन, सिचाइ लगायतका क्षेत्रमा संलग्नता बढाएका छन्। विकासको क्षेत्रमा गैरसरकारी संस्थाको भूमिका बढ्दो रहेता पनि यिनीहरूको आर्थिक अपारदर्शिता र कार्य प्रभावकारिता तथा नतिजाको दिगोपनामा प्रश्न पनि उठिरहन्छ । साथै समाज र समुदायका सवालभन्दा दाताका मुद्दामा केन्द्रित भएकाले यिनीहरूले सञ्चालन गर्ने कार्यक्रमको लागत निकै बढी भएको कुरा पनि बारम्बार आउने गरेको छ।

चालू चौधौं त्रिवर्षीय योजनाले गैरसरकारी संस्थाहरूको सञ्चालन एवं सहजीकरणमा एकद्वार प्रणाली अपनाउनु, नेपालमा कार्यालय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहजीकरण गर्नु, संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा प्रभावकारी नियमन गर्नु, समाज कल्याण परिषद्को संरचनागत एवं व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु र गैरसरकारी संस्थाहरूलाई पारदर्शी र जवाफदेही बनाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्नुलाई चुनौतीको रूपमा उल्लेख गरेको छ ।

गैरसरकारी संस्थाहरू संस्थागत पूँजी आर्जन गरी स्वनिर्भरतातर्फ उन्मुख हुँदै जानुपर्छ भन्ने नीतिगत मान्यता रहेको छ । हाल विकास सहायता नीति, २०७१ बाट यिनीहरूको भूमिका सुनिश्चित गरिनुपर्छ भन्ने मान्यताका आधारमा यस्ता संस्थालाई काम गर्ने अवसर दिइएको छ । त्यस्तै समाज कल्याण परिषद् अन्तर्गत परियोजना सम्झौतासम्बन्धी निर्देशिका २०७१, गैरसरकारी संस्थाहरूको परियोजना सहजीकरण कार्यविधि, २०७०, सामाजिक सङ्घसंस्थाको अनुगमन, सुपरिवेक्षण एवम् मूल्याङ्कन निर्देशिका, २०७१ जस्ता नीतिहरूमार्फत गैरसरकारी संस्थाहरूलाई नियमन गरिएको छ । तर यी नीतिले मात्र गैरसरकारी संस्थाको सुशासन सुनिश्चितता गर्न सकिएको छैन ।

## नियमन प्रभावकारिताका लागि कस्तो नीति र संयन्त्र ?

गैरसरकारी संस्थामार्फत हुने विकासका लागि वार्षिक करोडौं रुपैयााको पैसा खर्च हुन्छ । तर यिनीहरूमार्फत वास्तविक खर्च कति हुन्छ भन्ने कुराको एकिन आँकडा समाज कल्याण परिषद्सँग समेत छैन । गैरसरकारी संस्थाले गरेका विकासका कार्यसँगै यिनीहरूको अनियमितता सम्बन्धी उजुरीहरू पनि विभिन्न सरकारी निकायमा पर्ने गरेका छन् । तर यस्ता उजुरीहरूको अन्तिम टुंगो कहाँबाट र कसले लगाउँछ भन्ने कुराको पनि स्पष्टता पाइदैन । गैरसरकारी संस्थाहरूले खर्च गर्ने पैसा सहायता र अनुदानमा आउने भएकाले अन्ततोगत्वा यो पैसा पनि कुनै न कुनै रूपमा सार्वजनिक पैसाकै पाटोको रूपमा जोडिन आउँछ । त्यसैले जसरी सरकारी निकायबाट हुने आयव्ययको अनियमिततामा राज्यका निकायले कडाइका साथ नियमन र कारवाही गर्छन्, त्यसैगरी गैरसरकारी क्षेत्रको अनियमित आर्थिक गतिविधिलाई पनि कारवाहीको दायरामा ल्याउनुपर्छ भन्ने मान्यता विकास भइरहेको छ । यो विषयमा  बहस पनि बढ्दै गएको छ ।

तर गैरसरकारी संस्थामा हुने अनियमितता, भ्रष्टाचार वा दुरुपयोगलाई कसरी रोक्ने ? यसको संयन्त्र कस्तो हुने ? कारवाही कसरी गर्ने ? यसका लागि कस्तो नीति बनाउने ? यस्ता प्रश्नहरू बारम्बार उठिरहेका छन् । तर ती अहिलेसम्म अनुत्तरित छन् । नेपाल संयुक्त राष्ट्रसंघीय भ्रष्टाचारविरुद्धको महासन्धिको हस्ताक्षरकर्ता मुलुक भएकाले उक्त महासन्धिको भावनाअनुरूप काम गर्न गैरसरकारी संस्थामा हुने भ्रष्टाचारलाई कसरी कारवाहीको दायरामा ल्याउने ? यसका लागि के गर्नुपर्छ ? यसको बारेमा सरोकारवाला, नियमनकारी निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको बीचमा गहन छलफलको आवश्यकता देखिन्छ । यो छलफलबाट नै आगामी दिनमा यस विषयसम्बन्धी नीतिगत खाका तयार गर्ने साझा आधार भेटिन सक्छ । यही तथ्यलाई ध्यानमा राखी २०७४ साल पुस ६ गते अनकाक अनुपालन हुने गरी नियमनकारी निकाय तथा नागरिक समाज संस्थाहरूमा सुशासन, पारदर्शिता र जवाफदेहिता विषयमा एकदिने परामर्श कार्यशाला आयोजना गरियो ।

### कार्यक्रमको उद्देश्य

- अनकाक अनुपालनका लागि नीतिनिर्माणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहयोग गर्ने,
- राज्यका निकाय तथा नागरिक समाजबीचको संवादलाई बलियो बनाउने,
- भ्रष्टाचारविरुद्ध नागरिक संलग्नतालाई सुदृढ गर्ने ।
- अनकाक अनुपालन हुने गरी गैरसरकारी संस्थाहमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि बहस शुरू गर्ने ।

### कार्यविधि

राज्यका नियमनकारी निकाय र गैरसरकारी संस्थाहरूसँगको अन्तर्क्रिया गोष्ठीका लागि नेपाल कानून आयोगका अध्यक्ष श्री माधव प्रसाद पौडेललाई अनकाक र निजी क्षेत्रमा यसको अनुपालनका सम्बन्धमा अनुसन्धानमूलक कार्यपत्र तयार पार्नका लागि अनुरोध गरिएको थियो । अनकाक बनाउने बेलादेखि नै संयुक्त राष्ट्रसंघका विभिन्न बैठकहरूमा नेपालको प्रतिनिधित्व गरेका पौडेलले यस विषयमा दक्षता राख्ने भएकाले उहाँलाई कार्यपत्र तयार गर्ने दायित्व दिइएको हो । त्यस्तै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव श्री डोरेन्द्र निरौलालाई गैरसरकारी संस्थाहरूले अनकाक कार्यान्वयनका लागि के कस्तो भूमिका निर्वाह गर्न सक्छन् भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्न अनुरोध गरिएको थियो । गैरसरकारी संस्थाहरूलाई अनुगमन गर्ने समाजकल्याण परिषद्को लाइन मिनिस्ट्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय भएकाले त्यहाँका उच्च अधिकारीलाई कार्यपत्र प्रस्तुतिका लागि निम्त्याइएको हो ।

त्यसपछि राज्यका नियमनकारी निकाय र गैरसरकारी संस्थाका प्रतिनिधिहरूलाई कार्यशाला गोष्ठीमा सहभागी हुनका लागि निमन्त्रणा गरिएको थियो । गोष्ठीमा कुल ७२ सहभागीहरूको उपस्थिति थियो । शुरुमा श्री माधव पौडेलले प्रस्तुति दिनुभएको थियो । त्यसपछि श्री डोरेन्द्र प्रसाद निरौलाको प्रस्तुति थियो । दुई प्रस्तुतिपछि यस परियोजनाका संयोजक तथा सञ्चारकर्मी प्रकाश घिमिरेले अन्तर्क्रिया कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । उहाँले फ्लोर ओपन गरेपछि सहभागीहरूको प्रतिक्रिया तथा सुझावहरू आएका थिए । त्यसपछि प्रस्तोताहरूले सहभागीहरूको जिज्ञासा समाधानस्वरूप मन्तव्य दिनुभएको थियो । दुवै प्रस्तुति र सहभागीहरूको प्रतिक्रियालाई संक्षेपीकृत रूपमा प्रस्तुत गरिएको छ ।

## मूल सवाल

नियामक निकाय र गैरसरकारी संस्थाहरूको समस्या र अनकाक अनुपालन हुने गरी यी क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने सम्बन्धमा उठेका केही मूल सवालहरूमा कार्यशाला गोष्ठीको छलफल केन्द्रित थियो । यी मूल सवालहरूमाथिको घनीभूत छलफलपछि सहभागीहरूबाट यी सवालहरूलाई सम्बोधन गर्ने गरी सुझाव संकलन गरिएको थियो । विशेषगरी ती सवाललाई नीतिगत सवाल, कार्यसञ्चालनसम्बन्धी सवाल र नियमनसम्बन्धी सवालका आधारमा विभाजन गरिएको थियो जुन देहायबमोजिमका छन् ।

### नीतिगत सवाल

- गैरसरकारी क्षेत्रलाई अनकाकअन्तर्गत नियमन गर्ने नीति,
- सम्पत्ति शुद्धीकरण कानूनमार्फत गैरसरकारी क्षेत्रमा अनुगमन र निगरानी नीति,
- परियोजना स्वीकृति लगायतका विषयमा सरकारी प्रक्रियाको द्रुतता ।

### कार्यसञ्चालनगत सवाल

- विभिन्न परियोजना क्षेत्रका भिन्न कार्ययोजना निर्माण,
- सरकारको कामलाई सहयोग पुग्ने किसिमले परियोजना सञ्चालन,
- परियोजना प्रभाव मूल्यांकनको व्यवस्था ।

### नियमनसम्बन्धी सवाल

- संस्था दर्ता ऐनलाई समयसापेक्ष रूपमा संशोधन,
- नागरिक समाज संगठनलाई राज्यको तल्लो तहसम्म पुऱ्याउनका लागि संयोजन,
- विदेशी सहायताका सम्बन्धमा कडा नीतिनियम,
- आईएनजीओहरूको खर्चलाई राष्ट्रिय लेखाप्रणालीमा समावेश,
- गैरसरकारी निकायका कामलाई मूलप्रवाहीकरणका लागि नेसनल एक्सन प्लान निर्माण,
- समाजकल्याण ऐन र संस्था दर्ता ऐनलाई पूर्णरूपमा संशोधन ।

माथि उल्लेखित मूल सवालहरूमा केन्द्रित रही गहन छलफल चलेको थियो । यिनै सवालका आधारमा सहभागीहरूले सुझाव तथा निष्कर्ष दिएका थिए जसलाई पुस्तिकाको पुछारमा उल्लेख गरिएको छ ।

## अनकाक र निजी क्षेत्र : माधव पौडेलको प्रस्तुति



*माधव प्रसाद पौडेल*
*अध्यक्ष, नेपाल कानून आयोग*

भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले भ्रष्टाचारलाई विश्वव्यापी समस्याका रूपमा लिएर यसलाई विश्वस्तरमै सम्बोधन हुनुपर्ने बताएको छ । यस किसिमको यो अद्वितीय दस्तावेज हो र यसले विभिन्न देशका भ्रष्टाचार निवारणमा प्रयुक्त कानूनहरूलाई समायोजन गर्ने काम गर्छ । भ्रष्टाचार निवारणका लागि यसले विभिन्न संयन्त्रहरू बनाएको छ ।

यस महासन्धिले भ्रष्टाचार हुनसक्ने तीन क्षेत्रको पहिचान गरेको छ : सार्वजनिक क्षेत्र, निजी क्षेत्र र राजनीतिक दलहरू । यी तीनवटा क्षेत्र एकआपसमा जोडिएका पनि छन् ।

धेरै मुलुकमा सरकारी क्षेत्रको भ्रष्टाचारलाई मात्रै अपराधको रूपमा हेरिन्छ । निजी क्षेत्रको भ्रष्टाचारलाई हेरिँदैन । हामी नेपालमा पनि त्यही गरिरहेका छौं । नेपालमा पनि सरकारी क्षेत्रमा मात्रै भ्रष्टाचार हुन्छ, निजी क्षेत्रमा भ्रष्टाचार हुँदैन भनेर हामीले सोहीअनुसारका काम गर्छौं तर त्यो अपूर्ण हो । यस किसिमका गतिविधिले भ्रष्टाचार निवारण हुन सक्दैन ।

सबैभन्दा ठूलो परिमाणको विनिमय निजी क्षेत्रमा हुन्छ । त्यसैले त्यहाँ भ्रष्टाचारको सम्भावना उच्च हुन्छ । निजी क्षेत्रमा पनि भ्रष्टाचारजन्य गतिविधिलाई जरिवाना, कैद र क्षतिपूर्ति सबैको व्यवस्था गरिनुपर्दछ ।

नेपालमा आजका मितिसम्म भ्रष्टाचारजन्य गतिविधिमा निजी क्षेत्रलाई कारवाही गरिएको छैन । हामीकहाँ कानूनी व्यवस्था नै त्यस्तै छ । त्यसैले निजी क्षेत्रलाई पनि भ्रष्टाचारविरुद्धको कानूनको दायरामा प्रवेश गराउनुपर्दछ । हामीकहाँ करको विषयमा बाहेक निजी क्षेत्रले अपराध गर्दैन भन्ने मान्यता रहेको छ ।

भ्रष्टाचार निवारणका लागि राज्यले के के उपाय अपनाउनुपर्छ भनी महासन्धिले व्यवस्था गरेको छ । कुन कार्यलाई भ्रष्टाचारजन्य कसूरका रूपमा परिभाषित गर्नुपर्ने हो, यी कसूरमा सजायका लागि राज्यहरूबीच केकस्तो सरसहयोग आवश्यक हुन्छ र त्यस सहयोगको प्रारूप कस्तो हुन्छ भनी बताएको छ, भ्रष्टाचार गरेर कमाएको पैसा त्यही देश (कन्ट्री अफ ओरिजिन)मा कसरी फर्काउने र त्यसका लागि के कस्ता प्राविधिक सहयोग आवश्यक हुन्छन् लगायतका प्रावधान यसले गरेको छ ।

यसमा तीन किसिमका व्यवस्था गरिएका छन् : बाध्यकारी, कम बाध्यकारी र ऐच्छिक । एउटा बाध्यात्मक रूपमा राज्यहरूले पालना गर्नुपर्ने मान्यता, कम बाध्यात्मक र गर्न पनि सक्ने वा नगर्न पनि सक्ने मान्यताका कुराहरू यसमा छन् ।

महासन्धिले भ्रष्टाचारका विभिन्न पक्षलाई परिभाषित गर्छ । राज्यहरूले भ्रष्टाचार निवारणका लागि अपनाउनुपर्ने उपायहरूका बारेमा यसले कुरा गर्छ, जस्तै जवाफदेहिता, विधिको शासन लगायतका कुरा ।

भ्रष्टाचारको कसूर गरेर अर्को देशमा भागेर गएका अपराधीलाई कारवाही गर्नका लागि देशहरूले संयुक्त अनुसन्धान गर्ने, सुपूर्दगी गर्ने, मुद्दा चलाउने विषयमा सहयोग गर्ने कुराहरू पनि यसको व्यवस्थामा परेका छन् ।

महासन्धिले बाध्यात्मक व्यवस्था भनेका कुरालाई सबै देशले पालना गर्नैपर्छ । यसमा भ्रष्टाचारलाई सक्रिय र निष्क्रिय भनी हेरिएको छ । सरकारी कर्मचारीले कुनै काम गर्नका लागि घूस खाने भनेको सक्रिय भ्रष्टाचार हो भने कर्मचारीले गर्छु भनेर पनि काम नगरेको चाहि निष्क्रिय भ्रष्टाचार हो ।

महासन्धिले अर्को देशमा गएर काम गरिरहेका सार्वजनिक क्षेत्रका कर्मचारीले गरेको भ्रष्टाचारलाई पनि कारवाहीको व्यवस्था गरेको छ । जस्तै, नेपालमा खटिएर आएको दूतावास कर्मचारीले गरेको भ्रष्टाचार यसमा पर्छ । महासन्धिअनुसार, भ्रष्टाचारको कसूर गर्ने जोकोहीलाई पनि न्यायको रोहमा ल्याउनैपर्छ भन्ने व्यवस्था गरिएको छ । कुनै पनि काम गरिदिएबापत कसैले केही अपेक्षा गर्छ भने त्यसलाई 'ट्रेडिङ अफ इन्फ्लुएन्स' भनिएको छ र त्यो पनि भ्रष्टाचार नै मानिएको छ र त्यसलाई बाध्यात्मक रूपमा कारवाही गर्नुपर्छ भनिएको छ । सम्पत्ति शुद्धीकरणका विषयमा उसले प्रस्ट रूपमा कारवाहीको व्यवस्था हुनुपर्ने बताएको छ । गैरकानूनी रूपमा सम्पत्ति कमाएर धितोपत्र खरिद गर्ने, जग्गाजमीन जोड्ने, घर जोड्ने अनि सम्पत्ति चाहिँ वैध रूपमा आएजस्तो गरी व्यवहार गर्ने काम सम्पत्ति शुद्धीकरण हो ।

कुनै पनि सरकारी कर्मचारीले आफ्नो हैसियत र स्रोतभन्दा निकै बढी सम्पत्ति जोडेको देखिएमा त्यसलाई 'इल्लिसिट प्रोपर्टी' वा अकूत सम्पत्ति भनिन्छ । आफ्नो हैसियतभन्दा माथिको जीवनशैली देखिने, ठूलो मात्रामा दानउपहार दिएको देखिने भएमा त्यसलाई अकूत सम्पत्ति भनी हाम्रो कानूनले परिभाषित गरेको पाइन्छ र महासन्धिले पनि कसूरका रूपमा लिएको पाइन्छ । अनि यस्तो कसूर गर्नेलाई कारवाही गर्नबाट रोक्न खोज्नेलाई पनि दण्डभागी बनाउनुपर्ने व्यवस्था महासन्धिले गरेको छ ।

सार्वजनिक, निजी र राजनीतिक दल तीनवटै क्षेत्रलाई समग्र रूपमा भ्रष्टाचारमुक्त बनाउनुपर्ने महासन्धिको आशय हो । एउटा क्षेत्रको मात्र भ्रष्टाचारलाई नियन्त्रण गरेर पुग्दैन । समान रूपमा सम्बोधन गर्नुपर्छ ।

नियमनकारी निकायको भूमिका भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी हुन्छ । त्यसो त महासन्धिले नियमनकारी निकाय भनी परिभाषित गरेको छैन तर सार्वजनिक क्षेत्रभित्रै त्यो पर्छ । नियमनकारी निकाय संसद्बाट पारित ऐनबाट वा सरकारको कानूनी संयन्त्रबाट बनेको हुन्छ र त्यो आफैंमा स्वायत्त निकाय हो । उसले अर्धन्यायिक निकायका रूपमा काम गरिरहेको हुन्छ । यसले सुपरभाइज र ओभरसाइट गर्ने अथोरिटी पाएको हुन्छ । ऊ कार्यकारीका रूपमा रहेपनि उसले स्वायत्त तवरले काम गरेको हुन्छ । ऊ आफ्नो कामकारवाहीप्रति जिम्मेवार हुन्छ र यसको कामको न्यायिक पुनरवलोकन हुनसक्छ । उसको कामको प्रकृति कार्यकारी र अर्धन्यायिक हुन्छ । हाम्रो देशमा केही विशिष्ट निकायहरू नियमनकारी निकायका रूपमा रहेका छन्, जस्तै जिल्ला प्रशासन कार्यालय, विद्युत् विकास विभाग, सहकारी विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, पशु विभाग, वन विभाग लगायत । यिनले लाइसेन्स दिने, नवीकरण गर्ने र अवस्था आइलागेमा लाइसेन्स खारेज गर्नेसम्मका अधिकार पाएका छन् ।

नियमनकारी निकायको भूमिका निजी क्षेत्रको हकमा पनि बढी महत्त्वपूर्ण हुन्छ । यस्ता निकायले सार्वजनिक र निजी क्षेत्र दुवैलाई उत्तिकै व्यवस्थापन गर्नुपर्ने हुन्छ । निजी क्षेत्रमा सम्पत्ति शुद्धीकरण, कोषको दुरुपयोग, सम्पत्ति लुकाउने लगायतका क्रियाकलापलाई नियमनकारी

निकायले हेर्नुपर्ने हुन्छ । निजी क्षेत्रका इन्टरप्राइजेजहरूमा, इजाजत पाएका लाइसेन्सीहरूमा, स्वार्थको द्वन्द्वको स्थिति आएमा निर्णय गर्न नियमनकारी निकायको भूमिका हुन्छ। कमर्सियल गूड प्राक्टिसेस विकास गर्नलाई प्रोत्साहन गर्नुपर्छ, पारदर्शिता कायम गर्नका लागि व्यवस्था गर्नुपर्छ, अनुमतिको दुरुपयोग हुने स्थितिलाई रोक्नुपर्छ, सार्वजनिक पदमा बसेको मानिसले निश्चित अवधिका लागि निजी क्षेत्रमा काम गर्न रोक्ने व्यवस्था गर्नुपर्छ, त्यहाँभित्रका बहीखाताहरूलाई व्यवस्था गराउनुपर्छ, त्यहाँ नियमित रूपमा लेखापरीक्षण गराउनुपर्ने हुन्छ, अफ द बूक्स अकाउन्ट अर्थात् हुँदै नभएको खाता राख्ने कामलाई निरुत्साहित गर्नुपर्छ ।

नियमनकारी निकायले सम्पत्ति शुद्धीकरणलाई अत्यधिक ध्यान दिनु जरूरी छ । महासन्धिले यसका लागि विशेष व्यवस्था गरेको छ। स्रोत नखुलेको अनि गैरकानूनी किसिमले आर्जन गरेको सम्पत्तिलाई एक रूपबाट अर्को रूपमा पुऱ्याउने कामलाई सम्पत्ति शुद्धीकरण भनिन्छ। यो कालो धनलाई सेतो बनाउने काम हो । सम्पत्ति शुद्धीकरण ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। कार्यान्वयन नगर्दा उक्त सम्पत्ति संगठित अपराध र आतंकवादमा प्रयोग हुन सक्छ । नेपाल राष्ट्र बैंकले फाइनान्सियल इन्टेलिजेन्स युनिट यसका लागि गठन गरेको छ ।

यससँगै जोडिएको कुरा कानूनी व्यक्ति अर्थात् लिगल पर्सन पनि हो। परम्परागत विधिशास्त्रमा कसूर प्राकृतिक व्यक्ति अर्थात् नेचुरल पर्सनबाट मात्र हुन्छ भन्ने गरिन्थ्यो तर आधुनिक विधिशास्त्रले लिगल पर्सनका रूपमा रहेका संस्था वा कम्पनीको पनि आपराधिक दायित्व हुनुपर्छ भन्छ । कानूनको नजरमा व्यक्तिका साथै संस्था पनि अपराधी हुनसक्छ । त्यस्तो अपराध गर्ने संस्थालाई दण्डका विभिन्न प्रावधानहरू छन्, जस्तै जरिवाना गर्ने, सार्वजनिक खरिदमा उसलाई बहिष्कार गर्ने, लाइसेन्स खारेज गर्ने अनि दर्ता रद्द गर्नेसम्मका छन् ।

महासन्धिले निजी क्षेत्र भनेर सिभिल सोसाइटी, कम्युनिटी बेस्ड सोसाइटी र एनजीओ भन्ने तीन शब्दावलीको प्रयोग गरेको छ । भ्रष्टाचार नियन्त्रणमा यी तीनैको भूमिका रहेको हुन्छ । यस्ता संस्थाले सामाजिक कल्याण र नाफारहित काम मात्र गर्नुपर्ने हुन्छ । यसले पब्लिक एट लार्जको चासो र चिन्तालाई उजागर गर्ने काम गर्छ। यसले जनताको हितका लागि पैरवी गर्ने काम गर्छ र लोकतन्त्रको सन्तुलनका लागि यसको भूमिका हुन्छ। सार्वजनिक क्षेत्रलाई पारदर्शी बनाउनका लागि यसले खबरदारी गर्नुपर्ने हुन्छ। राज्यबाट सूचना प्रवाह, मानव अधिकारको सम्मान लगायतका धेरै कुराको सुनिश्चितताका लागि गैरसरकारी संस्थाहरूको भूमिका रहेको हुन्छ ।

भ्रष्टाचार निवारणका लागि राज्यले गैरसरकारी संस्थालाई मोबिलाइज गर्नुपर्छ भनेर महासन्धिले लेखेको छ। पब्लिक अवेयरनेसमार्फत  भ्रष्टाचारबाट हुनसक्ने जोखिमका बारेमा यसले उजागर गर्नसक्छ। राज्यलाई पारदर्शी बनाउन एनजीओले भूमिका खेल्न सक्छ भनी यसमा भनिएको छ। महासन्धिको नेगोसिएसनमा सरकारी पक्षका साथै ट्रान्सपरेन्सी इन्टरनेसनलको पनि भूमिका रहेको थियो। सन् २००६ मा गैरसरकारी संस्थाहरूको कोएलिसन नै बनेको थियो जसमा विभिन्न देशका नागरिक समाज संगठनले क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भ्रष्टाचारविरुद्धका कदमहरू चाल्ने अनि आ–आफ्ना देशमा भएका भ्रष्टाचारविरुद्धका कानूनमा रहेका ग्याप पहिचान गर्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

नेपाल महासन्धिको पक्ष भएपछि विभिन्न कानूनहरू बनेका छन् । बाध्यात्मक व्यवस्थालाई

ध्यान दिएर ऐन, नियम र नीतिहरू बनेका छन्। अनि थुप्रै ऐनहरू संशोधन पनि भएका छन्। नियमनकारी निकायहरूले भ्रष्टाचार नियन्त्रणका लागि धेरै निर्देशनहरू जारी गरिसकेका छन्। विभिन्न आचारसंहिता बनेका छन् । अनि सार्वजनिक खरिद अनुगमन कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र फाइनान्सियल इन्टेलिजेन्स युनिट पनि गठन भइसकेका छन्। तर अझै पनि कामहरू गर्न बाँकी छन्। महासन्धिको पक्षराष्ट्र बनिसकेको यत्तिका वर्ष भएपनि हामीले त्यसलाई पूर्ण रूपमा राष्ट्रिय कानूनमा ल्याउन अझै सकेका छैनौं । निजी क्षेत्रको भ्रष्टाचारलाई हामीले परिभाषित गर्न सकेका छैनौं। राजनीतिक दलहरूलाई अनुगमन गर्ने कुनै संयन्त्र हामीले निर्माण गर्न सकेका छैनौं। राजनीतिक दलहरूले सम्पत्तिको स्रोत के हो र त्यो केमा खर्च भयो भनी प्रस्ट रूपमा बताइदिनुपर्छ तर हामीले त्यसलाई बाध्य बनाउन सकेका छैनौं। साक्षी, सुराकी, विदेशीले लिने घूस, सम्पत्ति फिर्ता लगायतका कानून बनाउन सकेका छैनौं।

हामीले निजी क्षेत्रलाई पनि भ्रष्टाचारको दायरामा ल्याउन सक्दा मात्र नियमनकारीको भूमिका सशक्त बनाउन सक्छौं। त्यसमा तीन चरणमा काम गर्नुपर्छ। पहिलो चरणमा बैंक तथा वित्तीय संस्था अनि दूरसञ्चार संस्थाजस्ता धेरै पूँजी भएका संस्थामा भ्रष्टाचार नियन्त्रण गराउनुपर्छ। यसका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जाँचबुझको जिम्मेवारी दिन सकिन्छ। नभए अर्को कुनै एउटा छुट्टै संस्था अनुसन्धानका लागि खडा गर्नुपर्छ। त्यसको कानूनी कार वाहीका लागि बेग्लै अदालत पनि गठन गर्नुपर्ने हुन्छ।

## नागरिक समाज संगठनमा सुशासन र पारदर्शिता प्रवर्द्धनका लागि अनकाक पैरवीको आवश्यकता : डोरेन्द्र निरौलाको प्रस्तुति

समाज कल्याण परिषद् तथा समाज कल्याण मन्त्रालयले राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कामकारवाहीको अनुगमनका लागि विभिन्न काम गरिरहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनले नै निजी क्षेत्र अख्तियारको दायरामा पर्दैन भनेकाले अनुगमनमा अलिक अप्ठ्यारो स्थिति छ ।

नेपालमा केही गैरसरकारी संस्थाहरू राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत सञ्चालित छन् भने धेरैजसो संस्थाहरू संस्था दर्ता ऐन २०३४ बमोजिम चलेका छन् ।

गैरसरकारी संस्थाहरूले सरकारको सारथिका रूपमा काम गर्छन् । सरकारको पहुँच नभएको ठाउँमा उनीहरू पुग्छन् । उनीहरू राष्ट्रिय दायित्वभित्रै रहेर काम गर्छन् । उनीहरू सरकारका विकास साझेदार हुन् ।

राष्ट्रिय र क्षेत्रीय आवश्यकताका परियोजनाहरूमा गैरसरकारी संस्थाहरूले स्रोत साधन परिचालन नगरेको गुनासो आउने गरेको छ । त्यसबाहेक गैरसरकारी संस्थालाई पूर्ण रूपमा पारदर्शी बनाउन नसकिएको विषय पनि छ । आर्थिक र व्यवस्थापकीय क्रियाकलापहरू ओझेलमा परेको गुनासो पनि आउने गरेका छन् । गैससबाट परिचालित वैदेशिक सहायताहरू राष्ट्रिय लेखाप्रणालीमा आउन नसकेको पनि देखिन्छ । यो नेसनल अकाउन्ट हो कि गभर्नमेन्ट अकाउन्ट हो ? यसमा व्यापक छलफल जरूरी छ जस्तो लाग्छ ।

गैससका क्रियाकलाप सुगमकेन्द्रित रहेको आरोप छ । अनि उनीहरूका गतिविधि यहाँका जनताकेन्द्रित भन्दा पनि दाताकेन्द्रित रहेको गुनासो पनि हुने गरेको छ ।

समाजकल्याण परिषद्ले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न नसकेको पनि एउटा समस्या हो । यो सरकारलाई सहयोग गर्नका लागि गठन भएको एक संस्था हो तर यो आफैंमा स्वायत्त संस्था हो भन्ने अवधारणाबाट विमुख हुँदै गएको हो कि भन्ने कुरा उठेका छन् ।

गैरसरकारी र निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई कानूनी दायरामा ल्याउन नसक्नु अर्को समस्या हो । यसमा नीतिगत अस्पष्टता छ । एनजीओले गरेको अनियमितताको उजुरी जिल्ला प्रशासन कार्यालयमा हुन्छ र जिप्रकाले त्यसलाई समाज कल्याण परिषद् वा समाज कल्याण मन्त्रालयमा पठाउँछ । तर यी संस्थालाई एनजीओमाथि कारवाही गर्ने अधिकार छैन । एनजीओ दर्ता गर्ने जिप्रकाले नै भएकाले संस्था दर्ता ऐनअन्तर्गत कारवाही गर्नुपर्ने हो तर समाज कल्याण परिषद्मा पठाइदिँदा परिषद्ले एउटा समिति गठन गरेर कारवाहीको लागि सिफारिश गर्न फेरि जिप्रका पठाउने गरेको छ । त्यसैले संस्था दर्ता ऐनमा पनि संशोधन जरूरी छ ।

परिषद् र मन्त्रालयले पनि आफूमा केही अधिकारै छैन कि भन्ने मानसिकता पालेको जस्तो देखिन्छ ।

सरकार र गैरसरकारी क्षेत्रबाट उही क्षेत्रमा उस्तै कामको पुनरावृत्ति हुने समस्या पनि व्यापक रहेको छ । धर्म तथा जातका क्रियाकलाप गर्ने गैरसरकारी संस्थाहरूको पहिचान र नियन्त्रण हुन नसकेको कुरा पनि छ ।

सार्वजनिक पद धारण गरेका अधिकारीहरूले अनिवार्य रूपमा सम्पत्ति विवरण पेश गर्नुपर्ने भएपनि निजी क्षेत्रका पदाधिकारीहरू र संस्था आफैंलाई चाहिँ यो बाध्यता नरहेको अवस्था छ जसले लूपहोल सिर्जना गरेको छ ।

यी समस्याहरूको समाधानका लागि विभिन्न प्रयास गर्नुपर्ने देखिन्छ । गैरसरकारी क्षेत्रको पूँजी राष्ट्रिय प्राथमिकताका योजनाहरूमा परिचालित गर्नुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सचेतना जस्ता विषयमा गैरसरकारी संस्थाहरूले जोड दिनुपर्छ । राष्ट्र बैंकले तोकेका बैंकहरूमा मात्र खाता सञ्चालन गर्नुपर्ने नियम छ । विकास सहायता नीति २०७२ पनि छ जसले स्रोत पारदर्शी हुनुपर्ने, संस्था जवाफदेही हुनुपर्ने, सहभागितामूलक हुनुपर्ने अनि उसका सबै काम सरकारप्रति जवाफदेही हुनुपर्ने लगायतका कुरा गरेको छ । अनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण समितिसम्बन्धी कार्यविधि, २०७० पनि छ र त्यसअन्तर्गतको समितिले नियमन गर्ने विभिन्न उपायहरू सुझाएको छ । त्यस्तै समाज कल्याण ऐन र विभिन्न नियमावलीहरू तथा निर्देशनहरू पनि रहेका छन् ।

अनकाका अनुपालन हुनेगरी गैरसरकारी संस्थाहरूले विभिन्न नियम पालन गर्नुपर्ने स्थिति छ । जस्तो, उनीहरूले स्रोत खुलाउनुपर्ने (जनरल अग्रिमेन्ट र प्रोजेक्ट अग्रिमेन्टमा), खर्चलाई इकाइ/लागतमा देखाउनुपर्ने, केन्द्रदेखि स्थानीय तहसम्मको स्वीकृति र अनुमति लिनुपर्ने, वार्षिक लेखापरीक्षणको व्यवस्था र सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्ने, सामाजिक लेखापरीक्षणको व्यवस्था, अनुगमन, मूल्यांकन (मध्यावधि र अन्तिम), कर्मचारी र आर्थिक व्यवस्थापनको लागि संस्थाको आफ्नै नियमावली हुनुपर्ने, सांगठनिक सुशासन अन्तर्गत एउटै व्यक्ति दोहोरो भूमिकामा बस्न नहुने, संस्थाले पालना गर्नुपर्ने आचारसंहिता हुनुपर्ने लगायतका व्यवस्था गरिएका छन् ।

नेपालको राज्य पुनःसंरचना भएर संघीय व्यवस्थामा गइसकेकाले गैरसरकारी संस्थाहरूलाई कसरी परिचालन गर्ने भन्ने कुरा पनि बहसकै विषय छ । प्रभावकारी स्थानीय अनुगमन संयन्त्रको निर्माण र परिचालन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम परिचालन गर्ने, गैससबाट परिचालित हुने वैदेशिक सहयोगलाई राष्ट्रिय लेखा प्रणालीमा आबद्ध गराउने, स्थानीय आवश्यकता र मागको आधारमा कार्यक्रम सञ्चालन गर्ने, गैसससम्बन्धी तथ्याङ्क प्रणाली विकास गर्ने, गैससबाट सञ्चालित कार्यक्रमहरूमा पारदर्शिता, सहभागिता, उत्तरदायित्व र सामाजिक परीक्षणलाई जोड दिने, समाजकल्याण परिषद्लाई संघसंस्थाको सर्वोच्च निकायका रूपमा पुनःसंरचना गर्ने लगायतका विषयमा बहस हुनु जरूरी छ ।

## सहभागीहरूको सुझाव तथा प्रतिक्रिया

*नारायण प्रसाद ढकाल, महानिर्देशक,*
*औषधि व्यवस्था विभाग*



औषधि ऐन २०३५ हाम्रो नियमनकारी कानूनका रूपमा रहेको छ । यो ऐनले पारदर्शिता, जवाफदेहिता, विधिको शासनलाई ध्यानमा राखेर विभिन्न व्यवस्था गरेको छ । त्यसअन्तर्गत बनेका कार्यविधि र नियमावली छन् । त्यसलाई आधार मानेर हाम्रो वेबसाइटमा हामीले जनतालाई दिने सेवा, सुविधा, दस्तुर लगायतका कुरा प्रस्ट राखेका छौं । वैदेशिक उद्योगबाट उत्पादित, डोनेसनबाट आएका, स्वदेशी उद्योगबाट आएका औषधिहरू गुणस्तरीय हुन् भनेर त्यसलाई आवश्यक पर्ने नीतिनियमहरू बनाएका छौं र त्यसैका आधारमा हामी अनुगमन र मूल्यांकन गर्छौं । तर हामीलाई अनुगमन गर्नका लागि पर्याप्त कानून र संयन्त्र छैनन् । हाम्रोमा

संरचनागत सुधारको आवश्यकता छ र हामी त्यसमा काम गरिरहेका छौं । औषधि नीतिलाई हामी संशोधन गर्दैछौं । ऐन पनि संशोधन गर्दैछौं ।

*विश्वबाबु पुडासैनी, महानिर्देशक, गुणस्तर तथा नापतौल विभाग*



आईएसओ ३७००१ ले एन्टी ब्राईबरी म्यानेजमेन्ट सिस्टम ल्याएको छ र यो कुनै पनि संस्थामा भ्रष्टाचार निवारण गर्ने मापदण्ड हो । हामी यसलाई कार्यान्वयन गराउन खोज्दैछौं । हाम्रोमा अनुगमनको स्थिति राम्रो छैन । विधिवत् रूपमा अनुगमन हुने गरेको छैन । हामीकहाँ आफैं दर्ता गर्ने अनि आफैं कारवाहीमा हिड्नुपर्ने स्थिति छ । यो व्यावहारिक छैन किनकि हाम्रा कतिपय कार्यालयहरू दुईतीनजना कर्मचारीको भरमा चलेका छन् । एउटा स्वतन्त्र अनुपालन इकाई खडा गर्नु आवश्यक छ । यसले छितरिएर रहेको अनुगमन प्रणालीलाई केन्द्रीकृत गर्छ । यसको नीतिगत व्यवस्था नै हुनु जरूरी छ । अनि कतिपय कानूनी व्यवस्थाहरू अस्पष्ट छन् । जस्तो, उपभोक्ता ऐनमा प्राविधिक कुराहरू छैनन् जसले गर्दा उक्त ऐनले आमउपभोक्ताको हकहित संरक्षण गर्न सक्ने स्थिति छैन । यसमा सुधार हुनु जरूरी छ ।

*सम्पैत यादव, उपमहानिर्देशक, वन विभाग*



हाम्रो वन नीति २०७१ अनुसार हामीहरू अगाडि बढिरहेका छौं । सीमित स्रोतसाधनका बाबजुद हामीले वन संरक्षणको काम गरिरहेका छौं । तर वनको सेवा लिने क्षेत्र बढ्दो छ अनि सेवा दिने कर्मचारीको संख्या चाहिँ घट्दो छ ।

वन पैदावारको उपभोग र वन क्षेत्र अतिक्रमणको दबाब वन विभागमा बढिरहेको छ । तैपनि सीमित स्रोतसाधनका आधारमा हामीले अनियमितता रोक्ने काम गरिरहेका छौं ।

*पुरुषोत्तम आचार्य, उपमहानिर्देशक, विद्युत् विकास विभाग*



अनकाकको स्तरअनुरूप हामी हुनु जरूरी छ, ऐन बनाएर मात्र पर्याप्त हुँदैन । विद्युत् ऐन नियमावली २०४९ र २०५० अन्तर्गत रहेर हामीले विद्युत् क्षेत्रमा अनुमतिपत्र दिने, सर्वेक्षण, अनुगमन गर्ने गरेका छौं । अहिले हामीले इफिसियन्सी त कायम राखेका छौं तर अब हामीले यसका साथै प्रभावकारितामा पनि ध्यान राख्दै अघि बढ्नुपर्ने भएको छ । लाइसेन्सिङको सवालमा फर्स्ट कम फर्स्ट सर्भिसको आधारमा काम गरिने भएकाले त्यो दूरगामी हिसाबले राम्रो हो कि होइन भनी हामीले सोच्नुपर्ने भएको छ ।

*राजन पौडेल, आर्थिक विभाग, समाज कल्याण परिषद्*



अनकाक र अहिले बन्दै गरेको समाजकल्याण ऐनमा कुन विन्दुमा गएर मिलन गराउन सकिन्छ भन्ने मेरो जिज्ञासा छ । अनकाक अनुसार ऐन बनेन भने कुनै अर्थ रहँदैन । गैरसरकारी संस्थाहरूले पाएका फन्डहरू राष्ट्रिय लेखाप्रणालीमा जान्छ । कतिपय विदेशी फन्डहरू अनुमतिबेगर नै आएका छन्, ती राज्यको बेरुजुमा जान्छन् । प्रत्येक विभागले आफ्ना बेरुजुहरूको फेहरिस्त राख्न जरूरी छ । कुन स्रोतबाट कसरी फन्ड आयो भन्ने जानकारी राख्नु अत्यावश्यक छ । समाजकल्याण परिषद्ले अहिले सूक्ष्म रूपमा गैरसरकारी संस्थाको अनुगमन र निगरानी गरिरहेको छ । सम्पत्ति शुद्धीकरणसाग यसलाई जोड्न जरूरी छ ।

*आनन्दराम खनाल, महानिर्देशक, दूरसञ्चार प्राधिकरण*



कानून ल्याउँदैमा भ्रष्टाचार निवारण हुँदैन, आचार नै सुधार्नु जरूरी हुन्छ । हाम्रो कार्यालयले अर्बौं राजस्व आउने फ्रिक्वेन्सीहरू वितरण गर्छ । प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र मापदण्डमा चल्ने नियत छैन भने भ्रष्टाचार त भइहाल्छ । हामी कर्मचारी र हाम्रो बोर्डले गर्नुपर्ने निर्णय पनि नगरेमा त्यहाँ पनि भ्रष्टाचार हुन्छ । त्यसलाई हटाउन अन्लाइन व्यवस्था गर्नुपर्छ । मानौं लाइसेन्स लिनका लागि यी प्रक्रिया हुन्, यी दस्तावेज पेश गर्नुपर्छ भनेर अन्लाइन नै सबै राखियो भने त्यहाँ मानिस संलग्न हुन पाउँदैन र भ्रष्टाचार रोकिन्छ ।

अनकाक अन्तर्गत सम्पत्ति शुद्धीकरणको मुद्दामा प्रत्यक्ष विदेशी लगानी (एफडीआई) को स्थिति कस्तो रहन्छ ? दूरसञ्चार ऐन २०५३ अन्तर्गत त्यसको अनुसन्धान गर्ने अधिकार दूरसञ्चार प्राधिकरणसँग छैन । यो उद्योग विभागले हेर्छ । एनसेलको मुद्दामा क्यापिटल ट्याक्स गेनको कुरामा प्राधिकरणको कुनै भूमिका नै रहेन । त्यसैले ऐनमा सुधार गर्नुपर्ने देखिन्छ ।

*गीता हुमागाईं, रजिस्ट्रार, कम्पनी रजिस्ट्रारको कार्यालय*



नेपालभरि रहेका एक लाख ८० हजार सार्वजनिक, निजी र विदेशी कम्पनीको शाखा कम्पनीको निगरानी हाम्रो कार्यालयले गर्छ । जम्मा ४५ कर्मचारी छौं । कम्पनी ऐन २०६३ अन्तर्गत हामी काम गर्छौं । हामीले अपेक्षाकृत काम गर्न सकेका छैनौं । कम्पनी ऐन र बाफियामा पर्याप्त मात्रामा डुप्लिकेसन छ । यसले हाम्रो कम्प्लायन्सलाई झनै बढाएको छ । सार्वजनिक कम्पनीको प्राइभेट प्लेसमेन्टको नीति नै छैन । हामीले उद्योग मन्त्रालयलाई एउटा नीति बनाइदिनुपऱ्यो भनेर पत्र लेखेका छौं । भोलि अस्वस्थ प्रतिस्पर्धा बढ्दै गयो भने त्यसको जिम्मेवारी कसको हुने ?

*रेवती पन्थ, उपनिर्देशक, दूरसञ्चार प्राधिकरण*



अनकाकमा निजी क्षेत्रको परिभाषा छैन भन्ने कुरा आयो । सबैभन्दा पहिला त्यसमा काम गर्नुपर्ने देखिन्छ । धारा १२ मा समाजको सहभागितामा भ्रष्टाचारको शून्य सहनशीलताको कुरा रहेछ । त्यसलाई अत्यन्तै ध्यान दिएर पाठ्यक्रम विकास गर्नु जरूरी छ ।

*गोपाल लम्साल, अध्यक्ष, गैरसरकारी संस्था महासंघ*



हाम्रा देशका ऐन कानूनहरूमा समस्या छन् । तिनले अनकाकको अनुपालन पूर्णरूपमा गरेका छैनन् । अनकाकको निवारणात्मक र प्रवर्द्धनात्मक क्रियाकलापहरू हामीले गर्न सकेका छैनौं । यसलाई कार्यान्वयन गर्ने सिलसिलामा केही ग्यापहरू देखिएका छन् । गैरसरकारी संस्थाहरूले अनकाक अनुपालन हुने गरी सरकारी निकायलाई झक्झक्याउनुपर्ने आवश्यकता एकातिर छ भने गैरसरकारी निकाय आफैंमा यसको अनुपालन हुनु जरूरी छ ।

गैरसरकारी क्षेत्रलाई नियमन गर्ने कानून धेरै पुरानो छ । २०३४ सालमा कुनै एक परिस्थितिमा बनेको कानूनले अहिलेसम्म पनि काम चलाइएको छ । यसलाई समयसापेक्ष बनाउन सकिएको

छैन । दर्ता, संयोजन, समन्वय सबै पाटामा समस्या छन् । अब राज्यको पुनः संरचना भएको बेलामा नयाँ कानून बन्नुपर्छ । जनतालाई सचेत बनाएर परिचालित गर्ने महत्त्वपूर्ण निकाय नागरिक समाज संगठन नै भएकाले वर्तमान संरचनामा यसलाई कसरी सबभन्दा तल्लो तहसम्म पुऱ्याउने भनी सोच्नु जरूरी छ ।

ऐनहरू बनाईंदा पारदर्शी तवरले बनाइने गरेका छैनन् । ऐन बनाउँदा हामीले होलिस्टिक अप्रोचले हेर्नुपर्छ । गैरसरकारी संस्थालाई नियमन गर्ने समाज कल्याण परिषद्को संरचनामा परिवर्तन ल्याउनु जरूरी छ । विदेशी सहायतका सम्बन्धमा पनि दह्रो नीतिनियम बनाउनु जरूरी छ । विदेशी सहायतामा विकास साझेदारहरूको भूमिका के हुने हो भनी स्पष्ट पार्नुपर्छ । एनजीओ, आईएनजीओ, मल्टील्याटरल डोनरलाई प्रस्ट छुट्ट्याउनुपर्छ । यसलाई अनुगमन गर्ने कुरामा सरकारी निकायको भूमिका प्रबल हुनुपर्छ ।

### *निर्मला शर्मा, सञ्चालन समिति सदस्य, नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संघ (एआईएन)*



आईएनजीओहरूले देशमा प्राविधिक र आर्थिक दुवै थरी स्रोत भित्र्याउने गरेका छन् । यो स्रोत परिचालन गर्दाखेरी जति पनि सरकारी प्रक्रिया र प्रावधानहरू छन्, ती सबैलाई आईएनजीओले पूरा गरेका हुन्छन् । हामी सरकारी प्रयत्नलाई नै मद्दत गर्दैछौं । सरकारी निकाय समाजकल्याण परिषद्ले ध्यान दिनुपर्ने कुरा के हो भने हामीले दाताहरूको समय अवधिभित्र काम गर्नुपर्ने हुन्छ तर सरकारी प्रक्रिया फलो गर्दा हामीले कामै गर्न सक्दैनौं । त्यसमा लामो र झन्झटिलो प्रक्रिया छ । सरकारी निकायको जवाफदेहिताको समस्या छ । उनीहरूलाई आफ्नो भूमिका नै थाहा छैन । आईएनजीओहरू चाहिं सबैतिर जवाफदेही छन् । हामीहरू त सरकारी निकायले हाम्रो अनुगमन गरिदेओस् भन्ने नै चाहन्छौं । तर हाम्रो कामको मोनिटर गर्नका लागि हामीले नै पैसा दिनुपर्ने स्थिति छ । त्यसरी पैसा खाएर कसरी निष्पक्ष मूल्यांकन हुन सक्छ ?

### *रामशरण सेढाई, स्रोत परिचालन एवम् सञ्चार संयोजक, लुथरन वर्ल्ड फेडरेसन नेपाल*



हामीले कानूनी कुरा बढी गऱ्यौं जबकि समाजशास्त्रीय दृष्टिकोणबाट भ्रष्टाचारलाई हेर्न जरूरी छ । संस्थालाई भन्दा पनि व्यक्तिलाई यसमा सचेत बनाउन जरूरी देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रलाई हेर्न नमिल्ने व्यवस्था रहेको ठीक भएन । सदाचार निर्माणको शिक्षा व्यक्तिलाई दिएमा बल्ल भ्रष्टाचार निवारण हुन्छ ।

### *समाजकल्याण परिषद्का कार्यसमिति सदस्य गोकर्ण भट्टको सुझाव*



हामीले कुनै पनि नियम वा कानून बनाउादा त्यसलाई कार्यान्वयन गर्नका लागि एउटा भिजन आवश्यक हुन्छ। समाजकल्याण परिषद्का ऐन, नियम, कार्यविधिहरू राम्रा छन्। परिषद्ले हरेक एनजीओ, आईएनजीओको प्रोजेक्ट इभ्यालुएसन गरिरहेको हुन्छ। तर एक्सनमा जाँदा कम्प्लायन्स कसैमा देखिन्छ भने धेरैमा देखिँदैन। रियोजनाहरूलाई देशको राष्ट्रिय नीतिले बाइन्डिङ गर्नुपर्ने हो। सरकारले परियोजनाका प्राथमिकताहरू नछुट्ट्याइदिँदा आईएनजीओका तर्फबाट अनियमितताका सम्भावनाहरू रहन्छन्। हरेक सेक्टरको एउटा सेक्टोरल एक्सन प्लान बनाउनु जरूरी छ। सरकारले प्रिन्सिपल अफ एडिस्नालिटीका आधारमा कुनै परियोजनामा आफूलाई चाहिएको आर्थिक वा प्राविधिक सहयोग गैरसरकारी निकायसँग लिनुपर्दछ। यसो हुँदा बल्ल स्ट्रीमलाइनिङ भएर जान्छ। अनि आईएनजीओहरूको खर्च राष्ट्रिय लेखाप्रणालीमा लानुपर्छ। यसलाई बाइन्डिङ गराउनुपर्छ। समाजकल्याण परिषद्ले आचारसंहिता बनाएको छ जसमा यहाँ उठेका विभिन्न कुराहरू समाविष्ट छन्। गैरसरकारी निकायका कामलाई मेनस्ट्रीमिङ गर्नका लागि सरकारले नेसनल एक्सन प्लान बनाउनैपर्छ।

### *ललितपुरका प्रमुख जिल्ला अधिकारी महादेव पन्थको सुझाव*



हाम्रो संविधानले अनुचित कार्यको व्यवस्था झिकिदिएकाले यसलाई अहिले पनि विभागीय कारवाहीकै रूपमा हेर्ने गरेको छ। संविधानले जुन जुन निकायलाई भ्रष्टाचार विरुद्धको कारवाही गर्ने भनेर तोकिदिएको छ, तिनीहरू पनि यसमा सक्रिय भएर लाग्नुपर्ने देखिन्छ। स्थानीय तहमा जनताका समस्या सुन्ने भएकाले जिल्ला प्रशासन कार्यालयलाई थप सुदृढ बनाउनुपर्ने भएको छ। गैरसरकारी क्षेत्रलाई अनुगमन गर्नका लागि संस्था दर्ता ऐनलाई समयसापेक्ष संशोधन गर्नुपर्छ। कस्ता कस्ता संस्थाहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने हो र कुन चाहिँलाई विषयगत कार्यालयले दर्ता गर्ने हो भनी प्रस्ट हुनु जरूरी छ। निजी क्षेत्रको भ्रष्टाचारलाई परिभाषित गर्न जटिल छ तर यसो गर्नु जरूरी छ। अनि मात्र अनकाकअन्तर्गतको भ्रष्टाचार निवारण गर्न सकिन्छ।

### *काठमाडौंका प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्माको सुझाव*



हाम्रो कार्यालयले पाँच दर्जनभन्दा बढी ऐनहरू कार्यान्वयन गर्नुपर्ने बोझ छ। संस्था दर्ता ऐनको कार्यान्वयन गर्न छुट्टै कार्यालय चाहिन्छ। अहिले हाम्रो कार्यालयमा ४० हजार संस्था दर्ता छन्। अनुगमन त के, हामीलाई ती सबैको नाम पनि याद हुँदैन। त्यसैले संस्था दर्ता ऐनलाई समाजकल्याण ऐनसाग मिलाउने हो वा छुट्टै नयाँ

राख्नुपर्ने हो, त्यसो गर्नु जरूरी छ। नयाँ ऐनले संघीय व्यवस्थालाई ध्यान दिनुपर्छ। विभिन्न तहअनुसार संस्थाको कार्यविभाजन गराउनुपर्छ।

## *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव फणीन्द्र गौतमको सुझाव*



सहकारीलाई नेपालले अनकाक अनुपालनका लागि थुप्रै कानूनहरू बनाएको छ। भ्रष्टाचार नियन्त्रणका लागि अनकाकले विभिन्न मापदण्ड तोकेको छ। पहिलो निवारणात्मक उपाय, अपराधीकरण कसरी गर्ने, भ्रष्टाचारको पैसा अर्को देशमा थुपारेको अवस्थामा त्यसलाई भ्रष्टाचार भएकै देशमा कसरी फिर्ता ल्याउने अनि भ्रष्टाचारको अनुसन्धान तथा कानून कार्यान्वयनमा अन्तर्राष्ट्रिय सहयोग कसरी जुटाउने भन्ने विषयमा महासन्धिले चर्चा गरेको छ।

अन्य महासन्धिभन्दा पृथक् व्यवस्था यसले गरेको छ। यसमा पीयर रिभ्युको व्यवस्था छ यसमा च्याप्टर तोकिन्छ अनि दुई वा तीन वर्षको अवधिमा आवधिक समीक्षा गरिन्छ। देशहरूका बीचको समीक्षा यसमा हुन्छ। पहिलो रिभ्यु साइकलमा नेपालले थाइल्यान्डमा अनकाक कार्यान्वयनको स्थितिको समीक्षा गरेको थियो भने अहिले नेपाल र बुरुन्डी भएर नाउरुको समीक्षा गरिरहेका छन्। अनि लेबनान र एल साल्भाडोरले नेपालको अनकाक अनुपालनको स्थिति हेरिरहेका छन्। दोस्रो च्याप्टरमा निवारणात्मक व्यवस्था नेपालले गरेको छ र के ग्यापहरू रहे भनी समीक्षा भइरहेको छ। त्यस्तै च्याप्टर ५ अर्थात् सम्पत्ति फिर्तामा पनि समीक्षा भइरहेको छ। भ्रष्टाचार गरेर कमाएको पैसा अर्को मुलुकमा लगेको स्थितिमा त्यसलाई फिर्ता ल्याउन हाम्रा कानूनहरू पर्याप्त छन् कि छैनन् भनी त्यसमा हेरिँदैछ।

नेपालले अनकाक अनुपालनका लागि थुप्रै कानून संशोधन गरेको छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी नयाँ ऐन, इन्सोल्भेन्सी वा दामासाहीसँग सम्बन्धित कानूनहरू बनेका छन्, सुशासन ऐन, सूचनाको हकसम्बन्धी ऐन, नियम र त्यसको संस्थागत संयन्त्र पनि बनिसकेको छ, बजार प्रतिस्पर्धालाई नियन्त्रण गर्ने ऐन, पारस्परिक कानूनी सहायता र सुपूर्दगीसम्बन्धी नयाँ कानून पनि नेपालले पारित गरिसकेको छ। कम्पनी ऐन संशोधन, सहकारी ऐन, लेखापरीक्षण ऐन संशोधन भइसकेको छ।

हामीले पीयर रिभ्युमा प्रतिबद्धता जनाएअनुसार, सूचनादाता (ह्विसलब्लोअर) सुरक्षा ऐन, साक्षी र पीडितको संरक्षणसम्बन्धी ऐन अनि कार्यविधिगत व्यवस्थाहरू पनि बनाउनुपर्नेछन्।

संविधानले परिकल्पना गरेको संघीयताअनुकूल हुनेगरी सबै तहका लागि आवश्यक संयन्त्रहरू पनि बनाउनुपर्नेछन्।

२७ वटा ऐनमा संशोधन गर्नुपर्ने भनी सरकारले कार्ययोजना बनाएको थियो। तीमध्ये धेरैमा संशोधन भइसकेको छ। तर स्वार्थ बाझिने विषयसम्बन्धमा ऐन बनाउनुपर्ने भएको छ। अहिले कम्पनी ऐनहरूमा यसको व्यवस्था भएपनि यसका लागि छुट्टै बृहत् कानून आवश्यक छ।

न्यायिक र सुरक्षा निकायलाई अख्तियारले हेर्न नपाउने व्यवस्था संविधानले गरेको छ। अनुचित कार्य र भ्रष्टाचार पुरानो संविधानमा र भ्रष्टाचार निवारण ऐनमा व्यवस्था गरिएको थियो। अहिलेको संविधानमा यसलाई झिकिएको छ। यसले ग्याप ल्याएको छ।

अहिले देशमा १० वटा निकायहरू भ्रष्टाचार निवारणमा संलग्न छन्। यी सरकारी निकाय हुन्। तर नागरिक समाज तथा गैरसरकारी संस्थाहरूलाई पनि भ्रष्टाचार नियन्त्रणमा भूमिका दिइएको छ। सचेतना जगाउने, भ्रष्टाचारको उजुरी गर्ने अनि समन्वय गर्ने लगायतका थुप्रै विषयमा गैरसरकारी संस्थाहरूले काम गर्न सक्छन्। भर्खरै अनकाकको एक विश्वव्यापी बैठक भियनामा भएको थियो। त्यसमा कसरी नागरिक समाज संगठनहरूको भूमिका भ्रष्टाचार निवारणमा प्रयोग गर्न सकिन्छ भनी छलफल भएको थियो। तर देशैपिच्छे कानून फरक भएकाले यसमा आमसहमति जुट्न सकेको छैन।

